पाख्रीबास नगरपालिका धनकुटाको स्थानीय पाठ्यक्रम २०७७ मा आधारित पाठ्यपुस्तक

# हाम्रो पाख्रीबास

कक्षा १











# हाम्रो पाखीबास

## कक्षा- १

| | |
|---|---|
| विद्यार्थीको नाम : | ____________________ |
| रोल नम्बर : | ____________________ |
| विद्यालयको नाम : | ____________________ |

लेखन तथा सम्पादनः

किशोर भण्डारी

किशोरकुमार राई

प्रकाशक पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा

© सर्वाधिकार प्रकाशक

प्रकाशन : वि.सं २०७८
संस्करण : प्रथम

# हाम्रो भनाइ

नेपालमा स्थानीय पाठ्यक्रमको सन्दर्भमा सर्बप्रथम प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले स्थानीय विषय वा मातृभाषा मध्ये एउटा १०० पूर्णाङ्कको विषय राख्ने व्यवस्था गरेको थियो । त्यसपछि विकास भएका पाठ्यक्रमहरूले पनि आधारभुत तहमा स्थानीय विषयको व्यवस्था गर्दै आएको देखिन्छ । यद्यपि यी सम्पूर्ण व्यवस्थाहरू व्यवहारमा कार्यान्वयन हुन सकेनन् । हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ निर्माण भई कार्यान्वयनमा आएको छ । यहि पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेको सिद्धान्त तथा स्वरुपमा आधारित भई आधारभुत तह (कक्षा १-३) को एकिकृत पाठ्यक्रम २०७६ देशभर कार्यान्वयनमा आएको छ । त्यसैगरी आधारभुत शिक्षा पाठ्यक्रम (कक्षा ४-५) २०७७ को विकास कार्य सम्पन्न भएको छ भने सो भन्दा माथिल्लो तहका पाठ्यक्रमहरू पनि विकास र प्रयोगको चरणमा रहेका छन् । यी नै पाठ्यक्रमहरूले कक्षा १-३ मा ५ पाठ्यघण्टा र कक्षा ४-५ मा ४ पाठ्यघण्टा भएको स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास गरी स्थानीय तहले लागु गर्नुपर्ने व्यवस्था गरेका छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तहलाई पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षामाथि स्थानीय तहको अधिकार रहने व्यवस्था रहेको छ । यी नै व्यवस्था अनुरुप यस पाखीबास नगरपालिकाले पनि आफ्नो अधिकार र कर्तव्य बोध गरी वि.सं. २०७७ सालमा 'हाम्रो पाखीबास' नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७७ देखि नै कक्षा १-५ मा कार्यान्वयनमा ल्याएको छ । उक्त पाठ्यक्रममा आधारित भई शैक्षिक सत्र २०७८ देखि प्रयोगमा ल्याउने गरी यो पाठ्यपुस्तक तयार गरिएको छ ।

यो पाठ्यपुस्तक '**हाम्रो पाखीबास**' लेखन तथा सम्पादनको लागि वातावरण सिर्जना गर्ने तथा निरन्तर सहयोग प्रदान गर्ने यस नगरपालिकाका नगर प्रमुख श्री बृषबहादुर राई, उप प्रमुख श्री देवकला पौडेल तिम्सिना लगायत नगरपालिकाका निर्वाचित सम्पूर्ण पदाधिकारीहरूप्रति नगरपालिका हार्दिक आभार प्रकट गर्दछ । पाठ्यपुस्तक लेखनको लागि प्रशासनिक तथा व्यवस्थापकीय प्रक्रिया सञ्चालन गर्ने नगरपालिका शिक्षा शाखालाई हार्दिक धन्यवाद छ । पाठ्यपुस्तक लेखन तथा सम्पादनको जिम्मेवारी लिनु हुने लेखक द्वय तथा पाठ्यपुस्तक लेखनको सुरुवातदेखि अन्त्यसम्म निरन्तर पथप्रदर्शन गर्नुहुने लामो समयसम्म पाठ्यक्रम विकास केन्द्रमा पाठ्यक्रम विज्ञको रुपमा काम गर्नु भएका यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत तथा पाठ्यपुस्तक मूल्याङ्कन समितिका संयोजक श्री डिकबहादुर राई विशेष धन्यवादको पात्र हुनुहुन्छ । पाठ्यपुस्तक मूल्याङ्कन समितिमा रहनु हुने विज्ञ सदस्यहरू श्री गणेश कुमार पिठाकोटे र नारायण बस्नेत प्रति नगरपालिका हार्दिक धन्यवाद प्रकट गर्दछ ।

वालवालिकाहरूमा आफ्नो स्थानीय क्षेत्रमा भएको भाषा, धर्म, संस्कार, संस्कृति, सम्पदा, हावापानी, ऐतिहासिक तथा सामरिक महत्वका वस्तुहरूको पहिचान गर्न सक्ने र तिनीहरूप्रति गर्व गर्न सक्ने स्वावलम्बी नागरिक बनाउने दिशातर्फ उन्मुख स्थानीय पाठ्यक्रममा आधारित भई यो पाठ्यपुस्तक तयार पारिएको छ । यो पाठ्यपुस्तकले विद्यार्थीमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन सहयोग गर्ने छ भन्ने विश्वास नगरपालिकाको रहेको छ । यस पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण आधारका रूपमा बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । यसलाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाखीबास नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७८

पाखीबास नगरपालिका

पाखीबास, धनकुटा

# विषयसूची


| शीर्षक | पेज नम्बर |
|---|---|
| **एकाइ एक : पाखीबासको समाज र संस्कृति** | १ |
| पाठ १ : आफ्नो परिचय | २ |
| पाठ २ : घरपरिवार र मावली | ५ |
| पाठ ३ : छरछिमेक | ७ |
| पाठ ४ : चाडपर्व र संस्कार | ९ |
| **एकाइ दुई : पाखीबासका असल व्यक्तित्वहरू** | १२ |
| पाठ १ : असल मानिस | १३ |
| पाठ २ : परिवारमा गर्ने असल व्यवहार | १७ |
| पाठ ३ : साथीसँगको व्यवहार | २० |
| पाठ ४ : विद्यालयमा गरिने व्यवहार | २२ |
| **एकाइ तीन : पाखीबासको स्थानीय सरकार** | २५ |
| ३.१ वडा कार्यालयहरू | २६ |
| ३.२ वडा अध्यक्ष र सदस्य | २९ |
| **एकाइ चार : पाखीबासका सम्पदाहरू** | ३१ |
| पाठ १ : धार्मिक स्थलहरू | ३२ |
| पाठ २ : खोला, नदी, ताल र झरना | ३५ |
| पाठ ३ : वन तथा पार्क | ३८ |
| **एकाइ पाँच : पाखीबासको स्थानीय प्रविधि** | ४१ |
| पाठ १ : घरमा प्रयोग गरिने सामान | ४२ |
| पाठ २ : नाप्न प्रयोग गरिने सामान | ४५ |
| पाठ ३ : जोख्न प्रयोग गरिने सामान | ४८ |

**एकाइ छ : पाखीबासको आर्थिक क्रियाकलाप** ५०

पाठ १ : खेतीपाती ५१

पाठ २ : व्यापार ५३

पाठ ३ : विभिन्न पेशाहरू ५५

**एकाइ सात : पाखीबासका सामाजिक सङ्घ संस्था र विपद् व्यवस्थापन** ५७

पाठ : १ विपद् ५८

पाठ २ : सामाजिक संस्थाहरू ६०

**एकाइ आठ : पाखीबासको परम्परागत उपचार पद्धति** ६२

पाठ १ : जडीबुटी ६३

पाठ २ : धामीझाँक्री ६६

**एकाइ नौ : पाखीबासको इतिहास** ६९

पाठ १ : नामाकरण ७३

पाठ २ : ऐतिहासिक व्यक्तिहरू ७४


पाठ ३ : ऐतिहासिक वस्तुहरू ७६

एकाइ एक

# पाखीबासको समाज र संस्कृति





## पाठ १ आफ्नो परिचय

हेरौँ र गरौँ :






## क  गीत गाऔँ :

कार्की मेरो थर
कसेनी मेरो घर
सधैँ सत्य बोल्नुपर्छ
भन्नुहुन्छ सर ।



## ख  छलफल गरौँ :

मेरो नाम कौशल हो र
मेरो थर...............हो ।
तपाईंको नि ?

मेरो नाम
सुशीला हो र मेरो
थर ...............हो





ग

## आफ्नो थर चिन्नुहोस्:

कार्की, थापा, घिमिरे, तामाङ, गुरुङ, शेर्पा, विश्वकर्मा, रसाइली, नेपाली, बराइली, परियार, राई, लिम्बु, गुरागाइँ, तिम्सिना, खाती, बस्नेत, भण्डारी, अधिकारी, रिमाल, चौहान, रम्तेल, बिष्ट, लुइटेल, खनाल, नेपाल, दाहाल, निरौला, भट्टराई, गहतराज, गौतम, सुबेदी, बरुवाल, खड्का, लामिछाने, मगर, लामा, पोखेल, श्रेष्ठ, शाक्य, मानन्धर, गिरी, राउत, मल्ल, शाही, प्रधान, न्यौपाने, आचार्य, पाण्डे, रिजाल, कोइराला, कटुवाल, वस्ती, काफ्ले, पराजुली, पुरी, दुलाल, हमाल, खतिवडा, धिताल, महत, देउजा, महतरा, सिग्देल, पौडेल, रायामाझी, सिटौला, बराल, देबकोटा, सापकोटा, चापागाइँ, चौंलागाइँ, ढुङ्गाना, ढुङ्गेल, ढकाल, रेग्मी, अर्याल, मिश्र, तिवारी, बानिया, मोक्तान, राना, पिठाकोटे, आले, उप्रेती, पुन, भुजेल, बुढाथोकी, भट्ट, ओझा, खवास, सुन्दास, कुँवर, चेम्जोङ, सुब्बा, गजमेर, ........................................ ।

घ

## उत्तर दिनुहोस्:

(क) माथिको बाकसमा तपाइँको थर भेट्नुभयो ?

(ख) भेटनु भयो भने गोलो चिह्न ◯ लगाउनुहोस् ।

(ग) भेट्नु भएन भने आफ्नो थर लेख्नुहोस् ।

पाठ २

# घरपरिवार र मावली

## हेरौँ र बुझौँ :


हजुरबुवा


हजुरआमा


बुवा


आमा


दाजु


दिदी


भाइ








## क उत्तर दिनुहोस् :

(क) तपाईंको बुवाको नाम भन्नुहोस् ।

(ख) तपाईंको आमाको नाम भन्नुहोस् ।

(ग) तपाईंको घरमा कति जना सदस्य हुनुहुन्छ ?

(घ) तपाईंको मावली कहाँ हो ?

(ङ) तपाईंको मावली के थरी हो ?

## ख को कहाँ कहाँ हुनुहुन्छ ? हेरेर ठीक चिह्न (√) लगाउनुहोस्:

| | |
|---|---|
| (क) हजुरबुवा | मावली / घर |
| (ख) हजुरआमा | मावली / घर |
| (ग) मामा | मावली / घर |
| (घ) माइजु | मावली / घर |
| (ङ) बुवा | मावली / घर |
| (च) आमा | मावली / घर |
| (छ) दाजु | मावली / घर |
| (ज) दिदी | मावली / घर |
| (झ) भाइ | मावली / घर |

# छरछिमेक

हेरौँ र छलफल गरौँ :




(अ) तपाईंको घरको नजिकै कुन कुन थरका मानिसका घरहरू छन् ?

(आ) ती छिमेकीका घरमा तपाईं जनुहुन्छ ?

## क छलफल गरौँ :

नमस्कार ! यी हाम्रा छिमेकीका घरहरु हुन् । त्यहाँ खनाल, बराइली, अधिकारी, भण्डारी, राई, तिम्सिना, बजगाइँ, रम्तेल थरका मानिसहरु बस्नुहुन्छ ।



नमस्कार ! हाम्रो छिमेकीहरु प्रधान, श्रेष्ठ, गुरागाइँ, पिठाकोटे, बस्नेत थरका हुनुहुन्छ । अनि तपाइँको नि ?



पाठ ४

# चाडपर्व र संस्कार

## हेरौँ र बुझौँ :



| क | गीत गाऔँ : |
|---|---|



हामी पाखीबासका राई
मिली सबै दाजुभाइ ।
पापानी चाड मनाउछौँ
ढोलक मादल बजाउछौँ ।



दशैँ, तिहार अनि तीज सबैले मनाउछौँ
चाडपर्वको बेलामा घर पनि सजाउछौँ ।
दशैँ तिहारमा स्कुल पनि छुट्टि हुन्छ
चाडपर्वमा साथीसँग खेल्न मजा हुन्छ ।




शेर्पा, तामाङ र गुरुङले ल्होसार मनाउँछन्
ल्होसारमा केटाकेटी धेरै रमाउछन् ।
नेवारले मनाउने लाखे जात्रा हुन्छ
देवाली र गोठधुपमा रमाइलो हुन्छ ।

ख

## धर्का तानेर जोडा मिलाऔँः


| | |
|---|---|
| नेवार | ल्होसार |
| राई | देवाली |
| क्षेत्री, बाहुन | लाखे जात्रा |
| गुरुङ, शेर्पा, तामाङ | पापानी |

एकाइ दुई

# पाख्रीबासका असल व्यक्तित्वहरू






पाठ १

# असल मानिस

## हेरौँ, छलफल गरौँ र बुझौँ :



उहाँ हर्क गुरुङ हो । उहाँको घर पाखीबास बजारमा छ । उहाँले नगरपालिकालाई निःशुल्क जग्गा प्रदान गर्नुभएको छ । त्यो जग्गामा अहिले पाखीबास नगरपालिकाको भवन निर्माण भएको छ ।

- तपाईंले उहाँलाई चिन्नुभएको छ ?
- तपाईंको टोल तथा छिमेकमा यस्ता असल व्यक्तिहरू को को हुनुहुन्छ ? उहाँहरूले के गर्नुभएको छ ? शिक्षक तथा साथीहरूसँग छलफल गर्नुहोस् ।

क

## छलफल गरौँ :

नमस्कार ! म अन्जना देउजा हुँ । म धेरै पढेर शिक्षक बन्न चाहन्छु । म यही गाउँको सेवा गर्छु । मेरो बुवाले मलाई असल मान्छे बन्नुपर्छ भन्नुहुन्छ ।



नमस्कार ! मेरो नाम राजेश खत्री हो । म छिमेकीहरुलाई सहयोग गर्न चाहन्छु । हाम्रो गौतम काकाले पनि त्यसरी नै सहयोग गर्नुहुन्छ ।



ख

शिक्षक तथा अभिभावकलाई सोधेर तपाईँको समुदाय वा वडाका असल व्यक्तिहरुको बारेमा बताउनुहोस् :

नाम :

जन्म मिति :

जन्म स्थान :

बुवाआमा :

उहाँले गर्नु भएको मुख्य काम :

ग

ठीक भए ठीक (√) चिह्न र बेठिक भए बेठिक चिह्न (×) लगाउन्होस् :

(अ) राम्रो काम गर्दा असल व्यक्ति भइन्छ ।

(आ) असल व्यक्तिले अरुलाई दुःख दिनुपर्छ ।

(इ) मलाई असल व्यक्ति हुन मन लाग्छ ।

(ई) असल व्यक्तिले अरुलाई पनि सम्मान गर्छन् ।

घ

## उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(अ) रामका बुवा समाज सेवा गर्नुहुन्छ । त्यसैले उहाँ ................. व्यक्ति हो । (असल/खराब)

(आ) हरिले गोपालका बारीका मकै चोरेर लगेछन् । त्यसैले उनी ............. व्यक्ति हुन् । (असल/खराब)

(इ) मेरो हजुरबुवाले छिमेकीको बारी जोतिदिनुहुन्छ । त्यसैले उहाँ ............... व्यक्ति हो । (असल/खराब)

(ई) अनिता हजुरआमालाई लुगा धुन सहयोग गर्छिन् । त्यसैले उनी .......... व्यक्ति हुन् । (असल/खराब)

(उ) उमेशले साथीलाई दुःख दिन्छन् । त्यसैले उनी .......... व्यक्ति हुन् । (असल/खराब)

(ऊ) इशान र दिनेश मिलेर विद्यालय जान्छन् । त्यसैले उनीहरू ............... व्यक्ति हुन् । (असल/खराब)

पाठ २

# परिवारमा गर्ने असल व्यवहार

हेरौँ, पढौँ र बुझौँ :



उहाँ मेरो हजुरआमा हो । उहाँले मलाई धेरै माया गर्नुहुन्छ । उहाँ बुढी हुनुहुन्छ । उहाँ आफ्नो सबै काम गर्न सक्नुहुन्न । त्यसैले म उहाँलाई सधैँ सहयोग गर्छु । यसरी सहयोग गर्दा मलाई आनन्द आउँछ ।

उहाँ विकास र बीनाकी आमा हो । उहाँ शिक्षक हो । यहाँ उहाँका छोराछोरी र भान्जाभान्जी रहेका छन् । हामीले गर्नु पर्ने राम्रो व्यवहार सिकाउँदै हुनुहुन्छ । उनीहरु पनि ध्यान दिएर सुनिरहेका छन् । राम्रो व्यवहार गर्दा असल मानिस बनिन्छ ।





सानी नानीको शौचालय जाने राम्रो बानी ।

हामी दाजु र बहिनी मिलि मिलि हात धुँदै छौँ ।

ख गीत गाऔँ :



आउ साथी मिलेर
सगँ सगैँ खेल्नुपर्छ
फोहोर जति डस्टबिनमा
टिपि टिपि फाल्नुपर्छ ।



तल्लाघरे काका
सारै जाती मान्छे
मेरी साथी उहाँ सँगै
पाठशाला जान्छे ।

पल्ला घरकी दिदी
हेल्थपोष्टमा जाने
बिरामीको औषधी
हामीलाई ल्याई दिने ।



ग

## धर्का तानेर जोडा मिलाउनुहोस् :









खराब व्यवहार

असल व्यवहार









पाठ ३

# साथीसँगको व्यवहार

## हेरौँ, पढौँ र बुझौँ :

ऊ मेरो साथी रमेश हो । लडेर उसको दायाँ खुट्टा मर्कियो । उ मजाले हिँडडुल गर्न सक्दैन । त्यसैले म उसलाई ह्वील चेयरमा विद्यालय लैजाने गर्छु । यसरी सहयोग गर्दा मलाई आनन्द आउँछ ।





हामी गाउँघरका साथीहरु हौँ । हामी विद्यालय जाँदा सँगै जान्छौ । हामी सोत्तर सोहोर्न जाँदा पनि सँगै जान्छौ । बिहान बेलुका चौरमा भेला भएर सँगै खेल्छौँ । पढ्न नजानेको कुरा एक आपसमा सोधासोध पनि गर्छौं ।

क गीत गाऔँ :

चमेलीले बोलाउदै छिन्

कुलो खन्न जानु अरे


चौतारीमा बसी सँगै

खाजा पनि खानु अरे



ख चित्रमा रङ भर्नुहोस् :





पाठ ४

# विद्यालयमा गरिने व्यवहार

हेरौँ र गरौँ :




साथी साथी मिलेर विद्यालयबाट बाहिरजाँदै गरेका विद्यार्थीहरू



कक्षामा शिक्षकले पढाउँदा ध्यान दिएर पढ्दै गरेका विद्यार्थीहरू



विद्यालयमा नमस्कार आदान प्रदान गर्दै विद्यार्थी र शिक्षक




छुट्टि भएपछि विद्यालय वरिपरि सरसफाई गर्दै शिक्षक र विद्यार्थी

## क गीत गाऔँ :



स्कुलको वरिपरि
फूलबारी बनाउन
एउटा फूल बोकी ल्याऊ
भन्नु हुन्छ गुरुआमा ।

हात मिलाई नाचौँ साथी
सँगै मिली बाँचौ साथी
बाटो, कुलो, पाठशाला
मिली मिली बनाऔँ साथी ।



## ख उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(अ) विद्यालयमा साथीहरूसँग ............... खेल्नुपर्छ । (मिलेर/झगडा गरेर)

(आ) विद्यालयमा शिक्षकलाई ............... गर्नुपर्छ । (घृणा/आदर)

(इ) शिक्षकले भनेको .............. सुन्नुपर्छ । (ध्यान दिएर/हल्ला गरेर)

(ई) शिक्षकले हामीलाई ................ गर्नुहुन्छ । (हेला/माया)

(उ) राम्रो काम गरेपछि शिक्षकले ....... भन्नुहुन्छ । (नमस्कार/धन्यवाद)

## ग


## ठीक बेठिक छुट्याउनुहोस् :

| | |
|---|---|
| (अ) गुरु र गुरुआमालाई नमस्कार गर्नु पर्दैन । | |
| (आ) साथीलाई तपाईँ भनेर बोलाउनु राम्रो बानी हो । | |
| (इ) कक्षाबाट बाहिर जाँदा शिक्षकलाई सोधेर जानुपर्छ । | |
| (इ) साथीलाई बोल्न नदिई आफु मात्र बोल्नु राम्रो बानी हो । | |
| (उ) शिक्षकको निर्देशन पालना गरेमा असल मान्छे भइन्छ । | |
| (ऊ) आफूलाई कसैले सहयोग गरेमा धन्यवाद दिनुपर्छ । | |
| (ए) विद्यालयको वरिपरि सफा गर्नु हुँदैन । | |

एकाइ तीन

# पाख्रीबासको स्थानीय सरकार



# पाठ १ वडा कार्यालयहरु

**हेरौँ र बुझौँ :**




यो पाखीबास नगरपालिकाको नक्सा हो । यहाँ दश ओटा वडाहरु रहेका छन् । सबै वडाहरुमा वडा कार्यालय रहेका छन् । वडा कार्यालय हाम्रो सबैभन्दा नजिकको सरकारी कार्यालय हो । वडाको प्रमुख व्यक्ति वडा अध्यक्ष हो । त्यहाँ वडा सदस्यहरु पनि रहन्छन् ।

मेरो घर पाखीबास बजारमा पर्छ । यो बजार वडा नं. ४ मा पर्छ । हाम्रो वडा कार्यालय शनिबारे हटियामा रहेको छ । राजुको घर खोलीटार हो । खोलीटार वडा नं. ३ मा पर्छ । वडा नं. ३ को कार्यालय पाखीबास कृषि फर्म छेउमा रहेको छ ।



**क** **उत्तर दिनुहोस् :**

(अ) पाखीबास नगरपालिकामा कति ओटा वडाहरू रहेका छन् ?

(आ) तपाईँको घर कति नम्बर वडामा रहेको छ ?

(इ) तपाईँको विद्यालय कति नं. वडामा रहेको छ ?

(ई) तपाईँको वडाको वडा कार्यालय कहाँ रहेको छ ?


(उ) तपाईँ कहिल्यै आफ्नो वडा कार्यालय जानुभएको छ ?

**ख** **पाखीबास नगरपालिकाको नक्सा हेरेर आफ्नो वडाको नक्सा बनाउनुहोस् :**

पाखीबास नगरपालिकाको नक्सा




वडा नं. १ को नक्सा



ग

## खाली ठाउँ भर्नुहोस् :

(अ) पाखीबास नगरपालिकामा ............ ओटा वडाहरू रहेका छन् ।

(आ) हाम्रो सबैभन्दा नजिकको सरकारी कार्यालय ................ हो ।

(इ) हाम्रो वडा कार्यालय .................. मा रहेको छ ।

(ई) नक्सामा हेर्दा सबैभन्दा सानो वडा ................ देखिन्छ ।

(उ) नक्सामा हेर्दा सबैभन्दा ठुलो वडा ................ देखिन्छ ।

पाठ २

# वडा अध्यक्ष र सदस्य

## हेरौँ र चिनौँ :



हेमबहादुर पाण्डे

वडा अध्यक्ष वडा नं. १



तोर्णबहादुर खपाङ्गी

वडा अध्यक्ष वडा नं. २



सुन्दरलाल तामाङ

वडा अध्यक्ष वडा नं. ३



सोबित निरौला

वडा अध्यक्ष वडा नं. ४



गोपालराज थापा

वडा अध्यक्ष वडा नं. ५



दलबहादुर तामाङ

वडा अध्यक्ष वडा नं. ६



फडिन्द्रबहादुर तामाङ

वडा अध्यक्ष वडा नं.७



सिताराम राई

वडा अध्यक्ष वडा नं. ८



चन्द्रलाल घिसिङ

वडा अध्यक्ष वडा नं. ९



हरिबहादुर खत्री

वडा अध्यक्ष वडा नं. १०

**क**

**शिक्षक तथा अभिभावकको सहयोगमा आफू बसोबास गर्ने वडाको तालिका भर्नुहोस् :**

वडा नं. ........... का जनप्रतिनिधिहरु

| वडाअध्यक्ष | वडा सदस्य | वडा सदस्य | वडा सदस्य | वडा सदस्य |
|---|---|---|---|---|
| श्री .......... | श्री .......... | श्री .......... | श्री .......... | श्री .......... |

**ख**

**खाली ठाउँ भर्नुहोस् :**

(अ) हाम्रो वडामा .................. जना वडा अध्यक्ष हुनुहुन्छ ।

(आ) हाम्रो वडामा ................. जना वडा सदस्यहरू हुनुहुन्छ ।

(इ) वडा अध्यक्षको नाम .................................... हो ।

(ई) अध्यक्ष र सदस्यहरू गरी जम्मा ............... जना हुनुहुन्छ ।

एकाइ चार

# पाख्रीबासका सम्पदाहरू











पाठ १

# धार्मिक स्थलहरू

## हेरौँ, चिनौँ र भनौँ :


पाखीबासको मन्दिर


पाखीबासको गुम्बा


पाखीबासको गिर्जाघर (चर्च)




मुगामा रहेको मूल फुरामाङ थान

यी कुन कुन धर्मसँग सम्बन्धित धार्मिक थलहरू हुन ? तपाईंले यस्ता कुन कुन धार्मिक स्थलहरू देख्नुभएकोछ र जानुभएको छ? साथीसँग छलफल गर्नुहोस् ।

## क हजुरआमाको कुरा सुनौँ :



नानीबाबु ! तिमीहरूले मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि त देखेका हौला । यी सबै हाम्रा धार्मिक स्थलहरू हुन् । हिन्दु धर्म मान्ने मानिसहरूले विभिन्न देवी देवताको पुजा गर्न



मन्दिरमा जान्छन् । मन्दिरमा देवी देवताका मुर्ति हुन्छन् । बौद्ध धर्म मान्ने मानिसहरू गुम्बामा जान्छन् । गुम्बामा बुद्धका मुर्ति राखिएको हुन्छ । उनीहरू त्यहाँ गएर ध्यान गर्छन् । पाखीबासमा रहेको गुम्बा अनि बुद्धको मुर्ति देखाका छौ तिमीहरूले ?



इसाइ (क्रिश्चियन) धर्म मान्ने मानिसहरू गिर्जाघर (चर्च) मा जाने र यशुका नाममा प्रार्थना गर्ने गर्छन् । किरात धर्म



मान्ने मानिसहरू प्रकृतिको पूजा गर्छन् । उनीहरुले मार्गा थान, गैयाँ थान आदिमा पूजा गर्छन् । यी सबै धर्म मान्ने मानिसहरू जने ठाउँलाई धार्मिक स्थल भनिन्छ । हाम्रो

पाखीबासमा यी नै धर्म मान्ने मानिसहरू रहेका छन् र उनीहरूका आआफ्ना धार्मिक स्थलहरू रहेका छन् ।

## ख उत्तर दिनुहोस् :

(अ) तपाइँ कुन धर्म मान्नुहुन्छ ?

(आ) तपाइँ कहिल्यै मन्दिर जानुभएको छ ?

(इ) तपाइँ चर्च जानुभएको छ ?

(ई) तपाइँको वडा अथवा टोलमा रहेका मन्दिर, गुम्बा, चर्च, देवीथान आदि का नाम लेख्नुहोस् ।

(उ) मन्दिर, गुम्बा, थान, चर्च आदिको चित्र बनाउनुहोस् ।

## ग खाली ठाउँ भर्नुहोस् :

(अ) मन्दिर, चर्च, गुम्बा आदिलाई ................. स्थल भनिन्छ ।

(आ) हिन्दु धर्म मान्ने मानिसहरू पूजा गर्न ................... जान्छन् ।

(इ) बौद्ध धर्म मान्ने मानिसहरूको धार्मिक स्थल ............... हो ।

(ई) म ................... धर्म मान्छु ।

(उ) धार्मिक स्थलहरू सधैँ ..................... राख्नुपर्छ ।

(ऊ) किरात धर्म मान्ने मानिसहरु ................ मा पूजा गर्छन् ।


पाठ २

# खोला, नदी ताल र झरना

## हेरौँ, चिनौँ र भनौँ :



भुल्के




मुगा खोलाको झरना



अरुण नदी अँधेरी घाट




तपाईँको घर नजिक यस्ता खोला, नदी, ताल, झरना रहेका छन् ? साथीलाई सुनाउनुहोस् ।

## क गीत गाऔँ :

अरुण नदी सारै राम्रो
सिमाना हो हाम्रो
सिचाइ गर्न पानी हुने
हेर्नलाई झनै राम्रो





झुल्के अनि मुगा खोला
नचिन्ने त को पो होला ?
तिम्रो गाउँका भन त
के के होलान् अरु खोला ?

यी सबै सम्पदा भन्ने बुझ नानी
यिनीहरूको संरक्षण गर्नुपर्छ अनि
सबैलाई सुनाउ यसै भनी भनी
राम्रो कुरा बुझ्ने तिमी सारै ज्ञानी



## ख उत्तर दिनुहोस् :

(अ) तपाईंले कुनै खोला देख्नु भएको छ ?

(आ) तपाईंको नजिकमा रहेका खोलाहरूको नाम लेख्नुहोस् ।

(इ) खोलाको पानी के के गर्न प्रयोग गरिन्छ ?

(ई) के तपाईंले अरुण नदी देख्नुभएको छ ?

.(उ) तपाईंको नजिक रहेको कुनै झरनाको नाम भन्नुहोस् ।

## ग ठीक बेठिक छुट्याउनुहोस् :

(अ) पानी परेको बेलामा खोलामा गएर खेल्न हुँदैन ।

(आ) खोला तथा नदीमा फोहोर गर्नु राम्रो हो ।

(इ) खोला नदी हाम्रा सम्पदा होइनन् ।

(ई) म विद्यालय जाँदा खोला तरेर जान्छु ।


(उ) खोलाको पानी अग्लो ठाउँबाट झरेको झरना हो ।

पाठ ३

# वन, पार्क तथा चौतारा


## हेरौँ, र चिनौँ :











क

## आफू पुगेको वा देखेको भए ठीक चिह्न (√) लगाउनुहोस् :



पाखीबास ५ डिकुरे ☐



पाखीबास १० चुङ्माङ ☐



पाखीबास ४ राम्चे ☐



पाखीबास ९ उत्तरपानी ☐



पाखीबास ८ मुगा ☐



पाखीबास ३ जौटार ☐

ख उत्तर दिनुहोस् :

(अ) के तपाईँको टोल वा वडामा कुनै पार्क रहेको छ ? छ भने नाम बताउनुहोस् ।

(आ) तपाईँको नजिक रहेको वनको नाम लेख्नुहोस् ।

(इ) त्यो वनमा रहेका कुनै चार ओटा रुखका नाम लेख्नुहोस् ।

(ई) के तपाईँले चौतारा देख्नुभएको छ ?

(उ) चौतारामा केका रुख हुन्छन् ?

एकाइ पाँच

# पाखीबासको स्थानीय प्रविधि



## पाठ १ घरमा प्रयोग गरिने सामान

हेरौं, चिनौं र भनौं :



तपाईंको घरमा कुन कुन सामान रहेका छन् ? साथीलाई सुनाउनुहोस् ।

## क धर्का तानेर जोडा मिलाऔँ:

खन्ती 

कुटो 

चिम्टा 

ओदान 

हलो 

जाँतो 


ढिकी 

खुकुरी 

गैँती 

सिलौटो-लोहोरो 

**ख** तपाईंको घरमा भएका यस्ता सामानहरुको चित्र बनाउनुहोस् :



**ग** तलका सामानहरुको नाम र काम लेख्नुहोस् :



चुलेसी-तरकारी काट्न












पाठ २

# नाप्न प्रयोग गरिने सामान

## हेरौँ र छलफल गरौँ :









(अ) के तपाईंको घरमा यस्ता नाप्ने अथवा भर्ने सामानहरू छन् ?

(आ) यी सामानले भरेको देख्नुभएको छ ?

(इ) यसरी हात खुट्टाले नापेको देख्नु भएको छ ?

(ई) तपाईं बसेको बेन्च कति हातको छ ? नापेर हेर्नुहोस् त ।

क

## गीत गाऔँ :

धान चामल भर्नलाई
चाहिन्छ माना, पाथी
दुध, दहि भर्नलाई
के चाहिन्छ साथी ?








लिटर अनि कुरुवा चाहिन्छ
भर्न दुध अनि दही
हात, बित्ता अनि कुरेतले
नापिन्छ है लम्बाइ

आठ मानाको हुन्छ
धान एक पाथी
एक मुरी हुनलाई
चाहिन्छ बीस पाथी







पहिला जमिन नापिन्थ्यो
हात, कुरेत बित्ताले
अहिले सजिलो भएकोछ
नाप्नलाई फिताले

ख अब भाँडाकुटी खेलौँ :











पाठ ३

# जोख्न प्रयोग गरिने सामान

## हेरौँ र चिनौँ :





## सुनौँ र बुझौँ :






## क उत्तर दिनुहोस् :

(क) तपाईँले तराजु देख्नु भएको छ ?

(ख) तपाईँले तुलो देख्नु भएको छ ?

(ग) तपाईँको छिमेकमा सामान जोख्न कस्तो तराजु प्रयोग गर्नुहुन्छ ?

(घ) तपाईँले कहिल्यै आफ्नो तौल लिनु भएको छ ?

एकाइ छ

# पाखीबासको आर्थिक क्रियाकलाप











पाठ १

# खेतीपाती

## हेरौँ, पढौँ र बुझौँ :



उहाँ राम बहादुर राईकी आमा हो ।
उहाँहरूले तरकारी खेती गर्नुहुन्छ ।



यो करुणा मगरको मकै बारी हो ।
त्यहाँ धेरै मकै फल्छन् ।



उहाँहरू गणेश बरुवालका बुवाआमा हो ।
उहाँहरू धान रोपाइँ गर्दै हुनुहुन्छ ।



यहाँ गहुँ खेती गरिएको छ ।
गहुँको पिठोबाट रोटी बन्छ ।

## क

ठीक भए ठीक (√) चिह्न र बेठिक भए बेठिक चिह्न (×) लगाउन्होस् :

(अ) हाम्रो धान खेत रहेको छ ।

(आ) हामी तरकारी खेती गर्छौं ।

(इ) म आमाबुवालाई तरकारी गोड्न सघाउँछु ।

(ई) हामी गहुँ खेती पनि गर्छौं ।

## ख

तल दिएका धानका नाम पढ्नुहोस् :

दरमाली, भुइमाली, राते, सतराज, मनसरा, कटका, मार्सी, रंगेली रागा अट्टे, मनसुली, बासमती, पोखेली, बेलकुटी ......................आदि ।

## ग

उत्तर दिनुहोस् :

(अ) तपाईँले सुनेका जति धानका नाममा गोलो चिह्न लगाउनुहोस् ।

(आ) तपाईँलाई थाहा भएका अरु नाम छन् भने थप्नुहोस् ।

(इ) तपाईँकोमा लगाउने कुनै चार ओटा बालीको नाम लेख्नुहोस् ।

(ई) तपाईँको बारीमा भएको चार ओटा तरकारीको नाम भन्नुहोस् ।

पाठ २

# व्यापार

**छलफल सुनौ र बुझौँ :**

नमस्कार ! मेरो नाम राजकुमार बराल हो । मेरो बुवा पाखीबासमा तरकारी किन्नुहुन्छ । त्यो तरकारी लगेर धरानमा बेच्नुहुन्छ । अनि धरानबाट चिनी, नुन, दाल, चाउचाउ ल्याएर पाखीबासका पसलमा बेच्नुहुन्छ ।



नमस्कार ! मेरो नाम रमा कटुवाल हो । बजारमा मेरी आमाको चटपटे पसल छ । शनिबार हाटमा लगेर चटपटे, आलु निम्की र पानी पुरी, बेच्नु हुन्छ ।

राजकुमारका बुवा र रमाकी आमा व्यापारी हुन् ।





## क  चित्र हेरेर उत्तर दिनुहोस् :



पहिलो चित्र



दोस्रो चित्र



तेस्रो चित्र



चौथो चित्र

(अ) पहिलो चित्र केको होला ?

(आ) दोस्रो चित्रको केको पसल हो?

(इ) तेस्रो चित्रको केको पसल हो ?

(ई) चौथो चित्रको कुन पसल हो ?

(उ) तपाइँ कहिल्यै बजार गएर सामान किन्नु वा बेच्नु भएको छ ?

(ऊ) तपाइँको घर र छरछिमेकमा कसैले व्यापार गर्नुहुन्छ ?

पाठ ३

# विभिन्न पेशाहरु

## हेरौँ र चिनौँ :













माथिका चित्रहरूमा के के काम भइरहेका छन् ? शिक्षक र साथिसँग छलफल गर्नुहोस् ।

## क खाली ठाउँ भर्नुहोस् :

(अ) गीताको बुवा काठको काम गर्नुहुन्छ । त्यसैले उहाँ .................. हो । (सिकर्मी/डकर्मी)

(आ) मेरो बुवा गाडी कुदाउनु हुन्छ । त्यसैले उहाँ ......................... हो । (शिक्षक/ड्राइभर)

(इ) हरिका बुवा भारि बोक्नु हुन्छ । त्यसैले उहाँ ........................... हो । (भरिया/खेलाडी)

## ख चित्र हेरेर लेख्नुहोस् :



दाम्लो बाटेको



....................



....................



....................



....................



....................

एकाइ सात

# पाखीबासका सामाजिक सङ्घ संस्था र विपद् व्यवस्थापन













पाठ १

# विपद्

## हेरौँ पढौँ र बुझौँ :









भाइबहिनीहरुले कहिलेकाहीँ मानिसका घर, गोठ तथा वनजङ्गलमा आगो लागेको देख्नुभएको होला । वर्षाको समयमा खेतबारी, घर आदि भएको ठाउँमा पहिरो गएको अनि पानी परेर जमेर घर, गोठ, खेतबारी डुबेको तथा बगाएको पक्कै देख्नु वा सुन्नु भएको छ । हावाहुरी आउने, भुकम्प आउने जस्ता घटनाहरु पनि हुने गर्छन् । यस्ता सबै घटनालाई विपद् भनिन्छ ।

माथिका चित्रहरुमा कस्ता कस्ता विपद्हरु होलान् ? साथिसँग छलफल गर्नुहोस् ।

## क ठीक बेठिक छुट्याउनुहोस् :

(अ) बाढी पहिरो, भुकम्प आदि आउनु विपद् हो ।

(आ) खडेरीमा बाढी पहिरोको डर धेरै हुन्छ ।

(इ) बाढी पहिरो गएको बेला रमित हेरेर बस्नुपर्छ ।

(ई) ठुलो हावाहुरी चलेको बेला बाहिर जान हुँदैन ।

(ई) वनमा आगो लागिरहेको देखेमा कसैलाई भन्न हुदैन ।

## ख विपदमा परेको र सहयोग गरेको अभिनय गर्नुहोस् :







## ग उत्तर दिनुहोस् :

(अ) के तपाईंको समुदायमा पनि कहिल्यै कुनै विपद आएको छ ?

(आ) छ भने कुनै दुई ओटाको नाम भन्नुहोस् ।

(इ) विपदमा परेकालाई कसरी सहयोग गर्न सकिन्छ ? बताउनुहोस् ।

पाठ २

# सामाजिक संस्थाहरु

हेरौँ, पढौँ र बुझौँ :

समाजमा बसोबास गर्ने मानिसहरुलाई सहयोग गर्न त्यही समाजका मानिसहरुले खोलेका सङ्घ संस्थाहरुलाई सामाजिक संस्था भनिन्छ । नानी बाबुहरुलाई त्यस्ता केही संस्थाहरुको नाम थाहा छ ? भन्नुहोस् त ।

मिस ! अस्पताल



मिस ! विद्यालय

मिस ! अस्ति केदार हजुरबुवाको घरमा आगो लागेपछि हाम्रो गाउँको आमा समूहबाट पैसा उठाएर खाने कुरा किनिदिएको थाहा छ मलाई । त्यो समूह पनि सामाजिक संस्था रहेछ नि ?

मिस ! हाम्रो टोलमा चेतना युथ क्लब र युनाइटेड युथ क्लब पनि रहेका छन् । ती पनि सामाजिक संस्था हुन् नि ?

क

तपाईँको समुदाय वा टोलमा तलका जस्ता सामाजिक संस्थाहरु रहेका छन् कि छैनन् ठीक चिह्न (√) लगाउनुहोस् :

| स्वास्थ्य चौकी | | अस्पताल | | विद्यालय | |
|---|---|---|---|---|---|
| छ | छैन | छ | छैन | छ | छैन |

| सामुदायिक वन | | बाल क्लब | | आमा समूह | |
|---|---|---|---|---|---|
| छ | छैन | छ | छैन | छ | छैन |

ख

उत्तर दिनुहोस् :

(अ) तपाईं बाल क्लबको सदस्य हुनुहुन्छ ?

(आ) तपाईँको समुदायमा भएका कुनै तीन ओटा सामाजिक संस्थाको नाम बताउनुहोस् ।

(इ) तपाईँको परिवार अथवा छरछिमेकमा कुनै सामाजिक संस्थाले काम गरेको देख्नु भएको छ ?

(ई) कुनै संस्थाले गरेको कुनै एउटा काम बताउनुहोस् ।


एकाइ आठ

# पाखीबासको परम्परागत उपचार पद्धति









पाठ १

# जडीबुटी

हेरौं, पढौं र बुझौं :



ऐया आमा
मरें नि.........



आमा भाइ लडेर रुँदैछ । घुँडामा चोट लागेर रगत पनि आउँदैछ ।



यता ल्याउ त छोरी भाइलाई । म औषधि माडेर लगाइदिन्छु । यसले रगत बग्नबाट चाँडै रोकिहाल्छ ।



ऐया ............
पोल्यो आमा ।




नरोऊ बाबु, यो राम्रो जडीबुटी औषधि हो । एक छिन पोल्छ र छिटै निको हुन्छ ।

## क  छलफल सुनेर उत्तर दिनुहोस् :

हजुरआमा अस्ति तपाइँले पहिला पहिला तपाइँहरुले गर्ने कामको बारेमा भन्नुभएको थियो । आज हामीलाई त्यो समयमा बिरामी हुँदा के गर्नुहुन्थ्यो, कहाँ जानु हुन्थ्यो भनेर सुनाउनुहोस् न ।

सुन नानीबाबु ! पहिला हाम्रो पालामा बिरामी हुँदा घरमा भएका जडीबुटी खाने तथा लगाउने गरिन्थ्यो । गाउँमा जडीबुटीको काम गर्ने मानिस पनि थिए । त्यस्ता मानिसलाई वैद्य भनिन्थ्यो । अहिले पनि कतै कतै वैद्यहरु रहेका छन् । रुघामर्कि लाग्दा घरमा भएको अदुवा, बेसार, तातोपानी खाने गरिन्थ्यो । घाँटी दुख्दा जाइफूलको पात पानीमा पकाएर रस खाने गर्थ्यौं । आगोले पोलेमा घिउकुमारी, मह लगाउने गरिन्थ्यो । हाम्रो बारी, खोला खोल्सी, पाखा जताततै औषधिजन्य वनस्पती धेरै रहेका छन् । यी नै वनस्पतीहरुका औषधिबाट उपचार गर्ने आयुर्वेदिक अस्पतालहरु अहिले पनि रहेका छन् । त्यहाँ उपचार गर्ने डाक्टरलाई वैद्य, कविराज भनिन्छ ।



प्रश्नहरू:

(अ) पहिला जडीबुटीको काम गर्ने मानिसलाई के भन्निथ्यो ?

(आ) तपाइँको वरपर भएका कुनै पाँच ओटा जडीबुटीका नाम लेख्नुहोस् ।

## ख औषधिको गुण भएका वस्तुहरुको नाम लेख्नुहोस् :



गुर्जो

















पाठ २

# धामी झाँक्री

## हेरौँ पढौँ र बुझौँ :






नानीबाबुहरु ! पहिला पहिला अहिलेको जस्तो अस्पताल तथा स्वास्थ्य चौकीहरु थिएनन् । त्यसैले मानिसहरु जे बिरामी हुँदा पनि धामी झाँक्रीकोमा जाने चलन थियो । धामी झाँक्रीले झारफुक गरेर बिरामी निको हुने विश्वास गरिन्थ्यो । अहिले पनि गाउँघरमा धामी झाँक्रीहरु रहेका छन् र मानिसहरु उनीहरुकोमा झारफुक गर्न गएको देख्नु वा सुन्नु भएको होला ।

## क उत्तर दिनुहोस् :

(अ) तपाईँको घरमा कोही बिरामी हुँदा उपचार गर्न कहाँ जानुहुन्छ ?

(आ) धामी झाँक्रीले झारफुक गरेको देख्नु भएको छ ?

## ख पहिलेको र अहिलेको उपचार पद्धतिको फरक छुट्याउनुहोस्:

| पहिलेको | अहिलेको |
| --- | --- |
|  |  |
|  |  |
|  |  |
|  |  |

## ग अभिनय गर्नुहोस् :















एकाइ नौ

# पाखीबासको इतिहास







पाठ १

# नामाकरण

## हेरौं,पढौं र बुझौं :



पहिला पाखीबासमा रहेको पाखीको बोटमुनि बास बसेर बिहान हिड्न खोज्दै गरेका बटुवाहरु ।



पहिला पाखीबासमा बटुवाहरु बास बस्ने पाकरी घर ।

क **कथा सुनौ :**

पहिला अहिलेको पाखीबास बजारमा कुनै बस्ती नभएकाले बाटो हिड्ने बटुवा तथा भरियाहरू रुखको मुनि बास बस्थे । त्यहाँ पाखी नाम गरेको ठूलो रुख थियो । पाखीको रुखमुनि बास भन्दा भन्दै पछि यो ठाउँको नाम नै पाखीबास रहन गयो ।

अर्को भनाई अनुसार पहिला पाखीबासमा पाकरी घरहरू रहेका थिए । ती नै घरमा बटुवा तथा भरियाहरू बास बस्ने गर्थे । यसरी पाकरी घरमा बस्ने बासबाट पाखीबास नाम रहन गयो ।

ख **ठीक बेठीक छुट्याउनुहोस् :**

(अ) पहिला पहिला पाखीबासमा होटलहरू धेरै थिए ।

(आ) पहिला पहिला बटुवाहरू रुखमुनि बास बस्थे ।

(इ) बटुवाहरू बरको रुख मुनि बास बस्ने गर्थे ।

(ई) पहिला पहिला पाखीबासको बाटो भएर कोही मानिस पनि हिड्दैन थिए ।

(उ) बटुवा तथा भरियाहरू पाकरी घरमा बास बस्ने गर्थे ।

पाठ २

# ऐतिहासिक व्यक्तिहरु

**पढौँ र छलफल गरौँ र बुझौँ :**



उहाँ स्वर्गीय नर बहादुर कुथुमी हो। उहाँ चुङ्माङमा जन्मनु भएको थियो। उहाँले आफ्नो ठाउँको विकासका लागि धेरै योगदान दिनु भएको थियो। उहाँलाई सामाजिक अभियान्ताको रुपमा चिनिन्छ। उहाँले भारती माध्यमिक विद्यालयको नाममा धेरै जग्गा समेत प्रदान गर्नु भएको थियो।

स्वर्गीय कुथुमी मरेर गए पनि उहाँले गरेको सामाजिक सेवाले गर्दा हामी उहाँलाई बिर्सन सक्दैनौँ ।

क

शिक्षक तथा अभिभावकलाई सोधेर तपाइँको समुदाय वा वडाका ऐतिहासिक व्यक्तिहरुको बारेमा लेख्नुहोस् :

नाम :

जन्म मिति :

जन्म स्थान :

बुवाआमा :

गर्नुभएको मुख्य काम :

मृत्यु :

पाठ ३

# ऐतिहासिक वस्तुहरु

## हेरौँ पढौँ र बुझौँ :



यो हाम्रो मुगामा रहेको धेरै पूरानो राम मन्दिर हो । यो मन्दिर हाम्रो घर नजिकै रहेकोछ । यो मन्दिरको नजिकै अर्को राजदेवी मन्दिर पनि रहेकोछ । यी हाम्रो गाउँका ऐतिहासिक वस्तुहरु हुन् । तपाईंहरुको गाउँ तथा छरछिमेकमा के कस्ता ऐतिहासिक वस्तुहरु रहेका छन ?



## क गीत गाऔँ :

मन्दिर, गुम्बा, मानेसबैलाईमान
पुराना वस्तु हुन् ऐतिहासिक जान ।
यिनीहरूलाई जोगाउनु हामी सबैको धर्म
गर्नुपर्छ सबैले जीवनमा सत्कर्म ।



## ख खाली ठाउँ भर्नुहोस् :

(अ) धेरै पूराना वस्तुहरूलाई ........................ वस्तु भनिन्छ । (आधुनिक/ऐतिहासिक)

(आ) हामीले त्यस्ता वस्तुहरूको .............. गर्नुपर्छ । (बिनाश/संरक्षण)

(इ) हाम्रो गाउँमा यस्ता वस्तुहरू ................. । (रहेका छन्/रहेका छैनन्)


## ग शिक्षक तथा अभिभावकको सहयोगमा तपाईंको वडामा भएका ऐतिहासिक वस्तुहरुको सूची निर्माण गर्नुहोस् :

(अ) ................................................

(आ) ..............................................

(इ) ...............................................

## नेपाल, धनकुटा जिल्ला र पाखीबास नगरपालिकाको नक्सा




**पाखीबास नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

पाखीबास, धनकुटा